**कार्यपालिकाबाट स्विकृत मिति २०७४/१२/२८**

# कमलामाई नगरपालिका

# नगर प्रहरी नियमावली, २०७४

**कमलामाई नगरपालिका**

**सिन्धुली जिल्ला**

**३ नं. प्रदेश**

# कमलामाई नगरपालिका नगर प्रहरी नियमावली २०७४

**प्रमाणिकरण मिति : २०७५/०१/०६**

नगरवासीको नगरलाई स्वच्छ र सफा राख्ने चाहना पूर्ति गर्दै नगरको सुरक्षा व्यवस्था समेत सुदृढ तुल्याउँदै नागरिकको स्वच्छ वातावरणमा वाच्न पाउने हकको पचलन र जीउधनको सुरक्षा प्रदान गर्न वाञ्छनीय भएकाले नेपालको संविधान धारा २७६ अनुसूचि ८ ले दिएको अधिकार प्रयोग गरी कमलामाई नगरपालिकाको नगर कार्यपालिकाबाट नगर प्रहरी नियमावली २०७४ बनाई लागु गरिएको छ ।

**नियमावलीको नामः**

(१) यी नियमावलीको नाम "कमलामाई नगरपालिका नगर प्रहरी नियमावली २०७४" रहेको छ ।

(२) यो नियमावली स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ ।

**परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा :

क. "नगर प्रहरी" भन्नाले कमलामाई नगरपालिकाबाट यस नियमावली बमोजिम नियुक्त भएका नगर प्रहरीलाई संझनु पर्दछ ।

ख. "प्रमुख" भन्नाले कमलामाई नगरपालिकाको नगर प्रमुखलाई संझनु पर्दछ ।

ग. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कमलामाई नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँदछ ।

घ. "कार्यालय" भन्नाले कमलामाई नगरपालिका, नगर कार्यपालिकाको कार्यालय संझनु पर्दछ ।

ङ. "पदपुर्ति समिति" भन्नाले कमलामाई नगरपालिकाको पदपुर्ति समितिलाई संझनु पर्दछ ।

**नगर प्रहरी समूह गठनः**

(३) कमलामाई नगरपालिकाबाट देहायबमोजिमका नगर प्रहरी समूह गठन गरी आवश्यकता अनुसार देहायका पद सृजना गरी पदपुर्ति गर्न सकिनेछ ।

क. नगर प्रहरी सहायक निरिक्षक

ख. नगर प्रहरी हवल्दार

ग. नगर प्रहरी जवान

**पदपूर्ती सम्बन्धी व्यवस्थाः**

(४) (१) कमलामाई नगरपालिकाबाट तोकिए बमोजिम नगर प्रहरीको आवश्यक दरवन्दी सिर्जना गरिनेछ ।

(२) उपदफा (१) बमोजिम सिर्जना भएका पदको पदपुर्ति गर्न कार्यपालिकाबाट पदपुर्ति समक्ष सिफारिस गरिनेछ ।

(५) (१) नगर प्रहरीको आवश्यक योग्यता

क. नगर प्रहरी सहायक निरिक्षका लागी कुनै विषयमा +२ उर्तिण गरी सेना वा प्रहरीमा सोही स्तर वा माथिल्लो स्तरको सेवाबाट निवृत्ति भएका वा उपदान लिएर राजिनामा गरेका वा राजिनामा गरेका वा सो क्षेत्रमा तालिम प्राप्त गरी ४५ वर्ष उमेर ननाघेको ।

ख. नगर प्रहरी हवल्दारका लागि कुनै विषयमा माध्यामिक शिक्षा उत्तिर्ण गरी सेना वा प्रहरीमा सोही स्तर वा माथिल्लो स्तरको सेवाबाट निवृत्ति भएका वा उपदान लिएर राजिनामा गरेका वा राजिनामा गरेका वा सो क्षेत्रमा तालिम प्राप्त गरी ४५ वर्ष ननाघेको ।

ग. नगर प्रहरी जवानका लागी आधारभुत शिक्षा वा सो सरह उर्तीण गरी १८ वर्ष उमेर पुरा भई २५ वर्ष ननाघेको ।

(२) उपदफा(१) को प्रकरण नं. क, ख बमोजिमका पदमा नियुक्त गर्दा नेपाल प्रहरी एवं नेपाली सेनाबाट निवृत्त भएका वा उपदान सेवा लिई राजिनामा गरेका वा राजिनामा गरेका व्यक्तिहरुलाई पहिलो प्राथमिकता दिईने छ ।

(६) दफा ५.१ (क,ख र ग) बमोजिमका नगरप्रहरीको नियुक्ति गर्दा पदपुर्ति समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले नियुक्त दिनेछन ।

**पदपूर्ती समितिको गठनः**

(७) नगर कार्यपालिकाको वैठकले नगर प्रहरी पदपूर्ती समितिको गठन गर्न सक्नेछ ।

तर पदपूर्ती समिति गठन हुन नसकेको अवस्थामा स्थानीय सेवा ऐनमा रहेको पदपूर्ती समितिले नै नगर प्रहरी पदपूर्ती समितिको कार्य गर्न सक्नेछ ।

**पदपूर्ती समितिको काम, कर्तव्य र अधिकारः**

(८) (१)पदपुर्ति समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क. खुल्ला प्रतियोगिताद्धारा पुर्ति हुने पदका पाठ्यक्रम निर्धारण गर्ने,

ख. पदपुर्ति कार्यतालिका बनाउने,

ग. परिक्षाका किसिम राख्ने,

घ. पदपुर्तिका लागी विज्ञापन प्रकाशन गर्ने,

ङ. परिक्षा सञ्चालन तथा नतिजा प्रकाशन गर्ने,

च. नियुक्तिका लागी सिफारिस गर्ने,

(२) पदपुर्ति समितिले नगर प्रहरी सेवामा खुला प्रतियोगिताद्धारा स्थायी पदपुर्ति गर्ने सम्बन्धमा लोक सेवा आयोगको राय अनुसार आवश्यकता अनुसार कार्यविधी बनाई लागु गर्न सक्नेछ ।

**विज्ञापन सम्बन्धी व्यवस्थाः**

(९) (१) पदपुर्ति समितिले पदपुर्तिका लागी विज्ञापन प्रकाशन गर्दा पत्रिकामा कम्तिमा १५ दिनको म्याद दिई देहायका विषय समेत खुलाई प्रतियोगिताका लागी विज्ञापन प्रकाशन गर्नुपर्नेछ :

क. पदको नाम,

ख. आवश्यक संख्या (खुला र समावेशी अलग अलग देखिने गरी)

ग. दरखास्त दिने अन्तिम मिति र स्थान

घ. दरखास्त दस्तुर,

ङ. परिक्षा दस्तुर,

च. आवश्यक न्यूनतम शैक्षिक योग्यता,

छ. पेश गर्नुपर्ने आवश्यक प्रमाणपत्रहरु

ज. सम्पर्क मिति र स्थान,

झ. परिक्षाका तरिकाहरु,

ञ. अन्य शर्तहरु

(२) उपनियम (१) बमोजिम प्रकाशित विज्ञापनमा उमेदवार हुन चाहने व्यक्तिले एउटा पदका लागी समावेशी वा खुलातर्फ दरखास्त दिन सक्नेछन ।

(३) उपनियम (२) बमोजिम दरखास्त पेश गर्ने व्यक्तिले प्रत्येक थप खुल्ला तथा समावेशी समूहका पदका लागी परिक्षा दस्तुरको थप ५० प्रतिशत रकम दस्तुर बुझाउनु पर्नेछ ।

(४) उपनियम(१) बमोजिम प्रकाशित विज्ञापनमा उमेदवार हुन चाहने व्यक्तिले खुला प्रतियोगितात्मक परिक्षाद्धारा पुर्ति हुने पदका लागी निर्धारित दरखास्त फाराम भरी परिक्षा दस्तुर सहित विज्ञापनमा तोकिएको स्थान र समयमा बुझाउनु पर्नेछ ।

(५) पदपुर्ति समितिबाट विज्ञापन प्रकाशित भएपछि दरबन्दी थप वा खाली भई पद रिक्त भएमा लिखित परिक्षाको नतिजा प्रकाशन हुनुभन्दा अगावै सो पदपुर्ति समितिले सार्वजनिक रुपमा सुचना प्रकाशन गरी सोही विज्ञापनमा संख्या समेत थप गर्न सक्नेछ ।

(१०) उमेदवारको दरखास्त फाराम र प्रवेशपत्रका ढाँचा : (१) उमेदवारको दरखास्त फाराम र प्रवेशपत्रको ढाँचा अनुसूचि १, अनुसूचि २ बमोजिम हुनेछ ।

(२) उम्मेदवारले कारणवश प्रवेशपत्र हराएको भनी निवेदन पेश गरेमा नगर पालिकाले तोकेको दस्तुर लिई प्रवेशपत्रको प्रतिलिपि उपलब्ध गराई परिक्षामा सामेल गराउन सक्नेछ ।

(११) अन्तर्वाता समितिको गठन : पदपुर्ति समितिले एकजना अध्यक्ष र २ जना सम्बन्धित विषयका दक्ष वा विशेषज्ञ समेत गरी कम्तिमा तिन जना सदस्य रहेको अन्तर्वाता समिति गठन गर्न सक्नेछ ।

(१२) अन्तिम नतिजा प्रकाशन : (१) पदपुर्ति समितिले छनौट सम्बन्धि सम्पुर्ण प्रक्रिया सम्पन्न भएपछि सबभन्दा बढी अंक प्राप्त गर्ने उमेदवारहरुको योग्यताक्रम अनुसार अन्तिम नतिजा प्रकाशन गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम नतिजा प्रकाशन गर्दा उमेदवार उपलब्ध भएसम्म रिक्त पदका पन्ध्र प्रतिशत वा घटिमा दुई जना योग्यताक्रम अनुसार वैकल्पिक उमेदवारको सूचि समेत प्रकाशन गर्नु पर्नेछ ।

(३) नियुक्तीका लागि सिफारिस भएका उम्मेदवार तोकिएको समयभित्र नियुक्ती लिन नआएमा वा त्यस्ता पदमा नियुक्त भएको ६ महिनाभित्र पद रिक्त हुन आएमा वा नियुक्त भएका उम्मेदवारको काम सन्तोषजनक नभएमा वैकल्पिक उम्मेदवारको सूचीमा रहेका उम्मेदवारलाई योग्यता क्रमानुसार नियुक्ती गर्न सकिनेछ ।

**नियुक्ती सम्बन्धी व्यवस्थाः**

१३. दफा १२ (२) र (३) वमोजिम पदपूर्ति समितिबाट सूची प्रकाशन भई सिफारिस भएका नगर प्रहरीलाई नगरपालिकाले नियुक्ती दिनु पर्नेछ ।

१४. नगरप्रहरीको सेवा सुविधा, सेवाका शर्त, सेवा अवधी, जिम्मेवारी, आचरण, विभागीय कारवाही र सजाय सम्बन्धि व्यवस्था नगरपालिकाले तोके वमोजिम हुनेछ ।

हालसालै खिचिएको पासपोर्ट साइजको पुरै मुखाकृति देखिने फोटो टाँसी फोटोमा समेत पर्ने गरी उम्मेदवारले दस्तखत गर्ने ।

**अनुसुची १**

**कमलामाई नगरपालिका**

# नगर कार्यपालिकाको कार्यालय

**सिन्धुली, ३ नं प्रदेश, नेपाल**

# दरखास्त फारम

**(क) उम्मेदवारले दरखास्त फारम भरेको पद सम्बन्धी विवरण :**

| | | | | |
|---|---|---|---|---|
| १. विज्ञापन नं....../...../...... | २. खुल्ला : | ३: पद | ४. श्रेणी/तह : | ५. परीक्षा केन्द्र : |

**(ख) उम्मेदवारको बैयक्तिक विवरण :**

| | | | | |
|---|---|---|---|---|
| उम्मेदवारको | नाम, थर | (देवनागरीमा) : | | |
| | | (अंग्रेजी ठुलो अक्षरमा) : | | |
| | नागरिकता नं. : | | जारी गर्ने जिल्ला : | मिति : |
| स्थायी ठेगाना | क) जिल्ला : | | ख) न.पा/गा.पा : | ग) वडा नं. |
| | घ) टोल : | | ङ) मार्ग/घर नं. : | च) फान नं. : |
| पत्राचार गर्ने ठेगाना : | | | | इ-मेल : |
| बाबुको नाम, थर : | | | आमाको नाम, थर : | |
| बाजेको नाम, थर : | | | पति/पत्नीको नाम, थर : | |
| जन्ममित : | (वि.सं.मा : | | (ईस्वी सन्मा : | हालको उमेर : |

**(ग) शैक्षिक योग्यता/तालिम -दरखास्तफारम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता/तालिम मात्र उल्लेख गर्ने )**

| आवश्यकन्यूनतम योग्यता | विश्वविद्यालय/वोर्ड/तालिमदिने संस्था | शैक्षिक उपाधि /तालिम | संकाय | श्रेणी/प्रतिशत | मूल/ऐच्छिक विषय |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |
| तालिम | | | | | |

**घ) अनुभव सम्बन्धी विवरण (दरखास्तफारम भरेको पदको विज्ञापनको लागि अनुभव तथा विदाको विवरण आवश्यक भएमा मात्र उल्लेख गर्ने)**

| कार्यालय | पद | सेवा/समूह | श्रेणी/तह | स्थायी/अस्थायी/करार | अवधि | |
|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म |
| | | | | | | |
| | | | | | | |

मैले यस दरखास्तमा खुलाएका सम्पुर्ण विवरणहरु सत्य छन् । दरखास्त बुझाएको पदको विज्ञापनको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन । कुनै कुरा ढाँटे वा लुकाएमा प्रचलित कानून बमोजिम सहनेछु/बझाउनेछु । उम्मेदवारले पालना गर्ने भनी प्रचलित कानून तथा यस दरखास्त फारामका पृष्ठहरुमा उल्लेखित सबै शर्त तथा नियमहरु पालन गर्न मञ्जुर गर्दछु ।

| उम्मेदवारको ल्याप्चे सहीछाप | | |
|---|---|---|
| दायाँ | बायाँ | ....................<br>उम्मेदवारको दस्तखत<br>मिति : |
| | | |

| कार्यालयको कर्मचारीले भर्ने | |
|---|---|
| रसिद/भौचर नं. : | रोल नं. : |
| दरखास्त अस्वीकृत भए सोको कारण : | |
| दरखास्त रुजु गर्नेको दस्तखत<br>मिति : | दरखास्त स्वीकृत/अस्वीकृत गर्नेको दस्तखत :<br>मिति |

**द्रष्टव्य:** दरखास्तसाथ विज्ञापनमा उल्लिखित लगायत निम्न लिखित कागजातहरु अनिर्वाय रुपमा उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नुपर्नेछ ।

१. नेपाली नागरीकताको प्रमाणपत्रको प्रतिलिपी

२. समकक्षता र सम्वद्धता पर्नेमा सोको प्रतिलिपी,

३. विज्ञापन भएको पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र चारीत्रिक प्रमाणपत्रको प्रतिलिपी (तालिम र अनुभव आवश्यक पर्नेमा सो समेतको प्रतिलिपी)

## उम्मेदवारले पालना गर्नुपर्ने नियमहरु

१. परीक्षा दिन आउँदा अनिवार्य रुपमा प्रवेशपत्र ल्याउनु पर्नेछ । प्रवेशपत्र विना परीक्षामा बस्न पाइने छैन ।

२. परीक्षा हलमा मोबाइल फोन ल्याउन पाइने छैन ।

३. लिखित परीक्षाको नतिजा प्रकाशन भएपछि अन्तर्वार्ता हुने दिनमा पनि प्रवेशपत्र ल्याउनु अनिवार्य छ ।

४. परीक्षा हलमा प्रवेश गरे पछि किताब, कापी, कागज, चिट आदि आफू साथ राख्नु हुँदैन । उम्मेदवारले आपसमा कुराकानी र संकेत समेत गर्नु हुँदैन ।

५. परीक्षा हलमा उम्मेदवारले परीक्षाको मर्यादा विपरीत कुनै काम गरेमा केन्द्राध्यक्षले परीक्षा हलबाट निष्काशन गरी तुरुन्त कानून बमोजिमको कारबाही गर्नेछ र त्यसरी निष्काशन गरिएको उम्मेदवारको सो विज्ञापनको परीक्षा स्वतः रद्द भएको मानिने छ ।

६. बिरामी भएको उम्मेदवारले परीक्षा हलमा प्रवेश गरी परीक्षा दिने क्रममा निजलाई केही भएमा कार्यालय जवाफदेहीहुने छैन ।

७. उम्मेदवारले परीक्षा दिएको दिनमा हाजिर अनिवार्य रुपले गर्नुपर्नेछ ।

८. कार्यालयले सूचनाद्वारा निर्धारण गरेको कार्यक्रम अनुसार परीक्षा सञ्चालन हुनेछ ।

९.कुनै उम्मेदवारले प्रश्नपत्रमा रहेको अस्पष्टताको सम्बन्धमा सोध्नु पर्दा पनि परीक्षामा सम्मिलित अन्य उम्मेदवारहरुलाई वाधा नपर्ने गरी निरीक्षकलाई सोध्नु पर्नेछ ।

हालसालै खिचिएको पासपोर्ट साइजको पुरै मुखाकृति देखिने फोटो टाँसी फोटोमा समेत पर्ने गरी उम्मेदवारले

**कमलामाई नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**सिन्धुली, ३ नं प्रदेश, नेपाल**
**प्रवेशपत्र**

**परीक्षार्थीले भर्नेः–**

| | |
|---|---|
| क) विज्ञापन नं. :- | खुला/समावेशी समूह |
| ............................................ | ............................................ |
| ............................................ | ............................................ |
| ख) पद/श्रेणी :- | ग) परीक्षा केन्द्र :- सिन्धुली |
| छ) उम्मेदवारको | नाम, थर :-<br>दस्तखत :- |

..............................
(अधिकृतको दस्तखत)

**द्रष्टव्य :-** कृपया उम्मेदवारले पालना गर्नुपर्ने नियमहरु हेर्नु होला ।

---

## उम्मेदवारले पालना गर्नुपर्ने नियमहरु

१. परीक्षा दिन आउँदा अनिवार्य रुपमा प्रवेशपत्र ल्याउनु पर्नेछ । प्रवेशपत्र विना परीक्षामा बस्न पाइने छैन ।

२. परीक्षा हलमा मोबाइल फोन ल्याउन पाइने छैन ।

३. लिखित परीक्षाको नतिजा प्रकाशन भएपछि अन्तर्वार्ता हुने दिनमा पनि प्रवेशपत्र ल्याउनु अनिवार्य छ ।

४. परीक्षा हलमा प्रवेश गरे पछि किताब, कापी, कागज, चिट आदि आफू साथ राख्नु हुँदैन । उम्मेदवारले आपसमा कुराकानी र संकेत समेत गर्नु हुँदैन ।

५. परीक्षा हलमा उम्मेदवारले परीक्षाको मर्यादा विपरीत कुनै काम गरेमा केन्द्राध्यक्षले परीक्षा हलबाट निष्काशन गरी तुरुन्त कानून बमोजिमको कारबाही गर्नेछ र त्यसरी निष्काश नगरिएको उम्मेदवारको सो विज्ञापनको परीक्षा स्वतः रद्द भएको मानिने छ ।

६. बिरामी भएको उम्मेदवारले परीक्षा हलमा प्रवेश गरी परीक्षा दिने क्रममा निजलाई केही भएमा आयोग जवाफदेही हुने छैन ।

७. उम्मेदवारले परीक्षा दिएको दिनमा हाजिर अनिवार्य रुपले गर्नु पर्नेछ ।

८. कार्यालयले सूचनाद्वारा निर्धारण गरेको कार्यक्रम अनुसार परीक्षा सञ्चालन हुनेछ ।

९.कुनै उम्मेदवारले प्रश्नपत्रमा रहेको अस्पष्टताको सम्बन्धमा सोध्नु पर्दा पनि परीक्षामा सम्मिलित अन्य उम्मेदवारहरुलाई वाधा नपर्ने गरी निरीक्षकलाई सोध्नु पर्नेछ ।

हालसालै खिचिएको पासपोर्ट साइजको पुरै मुखाकृति देखिने फोटो टाँसी फोटोमा समेत पर्ने गरी उम्मेदवारले दस्तखत गर्ने ।

**कमलामाई नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**सिन्धुली ३, नं प्रदेश, नेपाल**
**प्रवेशपत्र**

**परीक्षार्थीले भर्नेः–**

| | |
|---|---|
| क) विज्ञापन नं. :- | खुला/समावेशी समूह |
| ............................................ | ............................................ |
| ............................................ | ............................................ |
| ख) पद/श्रेणी :- | ग) परीक्षा केन्द्र :- सिन्धुली |
| छ) उम्मेदवारको | नाम, थर :-<br>दस्तखत :- |

..............................
(अधिकृतको दस्तखत)

**द्रष्टव्य :-** कृपया उम्मेदवारले पालना गर्नुपर्ने नियमहरु हेर्नु होला ।